# रगतको महासागर

-चंकी श्रेष्ठ

मेरै सपनाको बाटो हुँदै
रगतहरूको एउटा महासागर
बग्दै गयो
बग्दै, बग्दै, बग्दै गयो ।

रगतहरूको महासागरसँग बग्दै
म स्वयं महासागर बन्दै गएँ
उत्तरगामी घामसँगै रगतको गौरवगाथा गाइरहेँ
रगतले सिँचेको
एउटा गौरवमय तस्बिर  कोरिरहेँ ।

दिग्‌दिगन्तसम्म लम्बिएको यात्राभरि
तिमीले पनि रगतको अनन्त सौन्दर्यको कथा भनिरह्यौ
रगतको महासागरजस्तै निर्बिघ्न
जिन्दगीको शाश्वत सत्यको कथा भनिरह्यौ
मेरो मनको कुरा गरिरह्यौ ।

तर, पर सपनाको बेंसीसम्म नपुग्दै
एकाएक हराएको छ रगतको यो महासागर
कुनै निशानी छैन त्यहाँ रगतको
महादेवले पिएझैँ कालकुट विष
कसले पिइदियो रगतको यो महासागर ?
छैनन् यो सपनाको बेंसीमा
तिमीले सुनाएका रगतका अनन्त सौन्दर्यका कथाहरू
मैले कोरेका ती सुन्दर सुन्दर हाम्रा सपनाका रेखाहरू
मेटिएको छ एउटा यस्तो इतिहास
जसको जगमा उभिएको छ देश
यद्यपि हाम्रै रगतको मुहानबाट
रगतहरूको महासागर बगिरहेको छ
निरन्तर बगिरहेको छ ।

मेरै सपनाको बाटो हुँदै
रगतहरूको एउटा महासागर
बग्दै गयो
बग्दै, बग्दै, बग्दै गयो
तर पर सपनाको बेंसीसम्म नपुग्दै
एकाएक हराएको छ रगतको यो महासागर ।